# शिवसताक्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश, नेपाल

प.सं. २०८२/०८३

**कनकाई माई धार्मिक मकर मेला व्यवस्थापन (शिवसताक्षी नगरक्षेत्र) सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०९/२१**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रचलित कानूनबमोजिम स्थानीय तहको क्षेत्रभित्रका विषयमा कानुन बनाउने, कर लगाउने तथा कर उठाउने ब्यवस्था भएबाट स्थानीय तहको आन्तरिक श्रोतको पहिचान, परिचालन र सदुपयो गर्न आ.व. २०८२।०८३ को लागि ठेक्का प्रक्रियाबाट **कनकाई माई धार्मिक मकर मेला व्यवस्थापन (शिवसताक्षी नगरक्षेत्र)** सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको ठेक्का प्रक्रियामा भाग लिन इच्छुक फर्म वा व्यावसायिक प्रतिष्ठानले **३ (तिन) दिनभित्र** रितपूर्वकको सिलबन्दी दरभाउ पत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम अङ्क रकम (भ्याट समेत) रु | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु | धरौटी /जमानत रकम रु |
|---|---|---|---|---|---|
| १. | SM/IR/MM/01 | कनकाई माई धार्मिक मकर मेला व्यवस्थापन (शिवसताक्षी नगरक्षेत्र) | ७,००,०००/– (सात लाख) | १,०००/– (एक हजार) | कबोल अंकको ३ प्रतिशत |

सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मितिः २०८२/०९/२३ गते कार्यालय समय भित्र ।
सिलबन्दी दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय: २०८२/०९/२४ गते अपराह्न १२.०० बजेसम्म।
सिलबन्दी दरभाउ पत्र खोलिने मिति र समयः- २०८२/०९/२४ दिउँसो १.०० बजे ।

ठेक्कासम्बन्धी सर्तहरुः

१. इच्छुक योग्य दरभाउ पत्र दाताहरूले कागजात पेस गर्दा इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपि, मु.अ.क. दर्ता प्रमाण (स्थायी लेखा नं. प्रमाणपत्र) र आ.व २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै स्वः घोषणा पत्र संलग्न राखी तोकिएको सिलबन्दी दरभाउ पत्रसम्वन्धी कागजातको दस्तुर नगदै रु. १,०००/- (पछि फिर्ता नहुने गरी)

सुनिता तुम्बाहाङ्फे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

प.सं. २०८२/०८३

राजस्व शाखामा वा यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक शिवसताक्षी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१ (२९६०१४००००००१७) मा जम्मा गरी भौचर/रसिद प्राप्त गरी सिलबन्दी दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

२. खरिद, दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यलय खुलेको पहिलो दिन सोही समयभित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । सिलबन्दी दरभाउ पत्र खरिद तथा पेस गर्न दरभाउ पत्रदाता व्यक्ति/फर्म/कम्पनीको प्रोप्राइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियार नामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर सिलबन्दी दरभाउ पत्र वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

३. सिलबन्दी दरभाउ पत्र फारम साथ धरौटी बापत कबोल अङ्कको ३ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, शिवसताक्षी शाखाको धरौटी खाता नं. २९६०१४००००००४८ (ग ३.१) मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैङ्कको बोलपत्र जमानत पेस गर्नुपर्नेछ ।

४. संलग्न गर्नुपर्ने कागजपत्रहरू स्थायी लेखा नं. (PAN CARD) को प्रतिलिपि, फर्म/संस्था/व्यवसाय/कम्पनीको फर्म/संस्था/व्यवसाय/कम्पनीको नवीकरण खुल्ने दर्ता प्रमाण-पत्र, पान प्रमाण-पत्र, २०८१/०८२ को कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि । सिलवन्दी दरभाउ पत्रदाताले सिलवन्दी दरभाउ पत्र पेस गर्दा खामलाई सिलबन्दी गरी खामको वाहिर सिलवन्दी दरभाउ पत्र पेस गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं. सिलवन्दी दरभाउ पत्रको विवरण लेखि सिलवन्दी दरभाउ पत्रदाताद्वारा प्रमाणित हुनुपर्नेछ ।

५. आफूले कबोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा जुन अङ्क वा अक्षर वढी छ सोही रकमलाई मान्यता दिइनेछ ।

६. सिलबन्दी दरभाउ पत्र खरिद गर्दा कुनै प्रकारको सर्त मान्य हुनेछैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फवाट प्रमाणित नभएको सिलबन्दी दरभाउ पत्र फारामलाई मान्यता दिइनेछैन ।

७. ठेक्का अवधि २०८२/०९/२८ गते देखि मिति २०८२/१०/०२ गते राती ११:५९ वजे सम्म ।

८. ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ५ (पाँच) दिनभित्र स्वीकृत कबोल अङ्कको रकम नगदै एकमुष्ट राजस्व शाखामा वा यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक शिवसताक्षी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग– १– १ (२९६०१४००००००१७) मा जम्मा गरी सक्कल भौचर/रसिद पेस गर्नुपर्नेछ ।

९. शिवसताक्षी नगरपालिकाको अर्थसम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२ ठेक्का कबोल अङ्कको सम्पूर्ण रकम सम्झौताका बखत एकमुष्ठ बुझाउँदा कबोल अङ्कको १०% छुट दिइनेछ ।

१०. ठेक्का अवधिको प्रचलित कानुनअनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरू स्वीकृत सिलबन्दी दरभाउ

सुजिता तुम्बाहाङफे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

प.सं. २०८२/०८३

पत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

११. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारबाही गरिनेछ ।

१२. ठेक्का कबोल गर्ने सिलबन्दी दरभाउ पत्र दाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरू आफ्नोतर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर सङ्कलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्दछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । आम्दानीको जानकारी नगरपालिकालाई दिनुपर्नेछ।

१३. म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको व्यक्ति/फर्म/कम्पनीको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरिने छैन ।

१४. स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले बन्द, हडताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन ।

१५. प्रचलित कानुन, सम्झौता र सूचनाको सर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले सम्झौता भङ्ग गर्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१६. यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित सिलबन्दी दरभाउ पत्र दाताको कर्तव्य हुनेछ ।

१७. कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

१८. नगरपालिकाले तोकेको दर भन्दा बढी रकम उठाउन पाइने छैन, यदि उठाइएको पाइएमा एक पक्षीय रूपमा सम्झौता भङ्ग गरिने छ । करका दरहरू यस नगरपालिकाको आर्थिक ऐनअनुसार हुनेछ ।

१९. मेला लाग्ने जग्गाको आर्थिक दायित्व नगरपालिकाबाट हुनेछ ।

२०. बाँसे पुलको निर्माण नगरपालिकाबाट हुनेछ ।

२१. मेलामा विजुली वत्ती र विजुली खर्चको व्यवस्थापन ठेकेदार स्वयंले गर्नुपर्नेछ । शान्ति सुरक्षाकर्मीहरूलाई खाना र आवासको व्यवस्थापन (२०८२/०९/२८ गते वेलुका देखि २०८२/१०/०२ गते वेलुका सम्मको) खर्च, कम्तिमा ४ थान सिसिटिभि जडान खर्च ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

२२. मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक खर्चहरू ठेकेदार स्वमंले वेहोर्नु पर्नेछ ।

२३. उच्च जोखिम युक्त खेल संचालन गर्न, प्रचलित कानूनले निषेध गरिएका कार्य तथा गतिविधि गर्न पाइने छैन ।

२४. माईमेला समाप्त भई सकेपछि मेला लागेको स्थानको सरसफाई ठेकेदार स्वमंले अनिवार्य गर्नु पर्नेछ ।

२५. यस सूचनामा भएको कुरा प्रचलित कानुन तथा ठेक्का सम्झौताबमोजिम हुनेछ ।

सुजेता तुम्बाहाङफे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner